**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०८०।१२।२७ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कालिकोट, साविक थिर्पु गा.वि.स. वडा नं. ५ र ६ हाल पलाँता गाउँपालिका वडा नं. ८ मा थोपा सिँचाई आयोजना निर्माण उपभोक्ता समितिले आ.व. २०७४/०७५ को रकम खर्च गरी कुनै पनि काम नगरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **पलाँता गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम प्रसाद कुस्मा, सव-इन्जिनियर माधव कुमार भट्टले** आ.व. २०७४/०७५ को जिल्ला कालिकोट, पलाँता गाउँपालिका वडा नं. ८ स्थित मुलखोला थोपा सिंचाई आयोजनाको उपभोक्ता समिति र गाउँपालिकाबिच सम्झौता भई कार्य गर्दा उक्त योजनाको लागत अनुमान बमोजिम कार्य नभएको, स्थलगत गई नापजाँच गरी कम काम भएको कार्यलाई बढी गरेको भनी प्राविधिक मूल्याङ्कन सहितको नापी किताव तयार गरी/गराई प्राविधिक मूल्याङ्कन सहितको नापी किताबमा प्रमाणित गरी कार्य सम्पन्न प्रतिवेदनसमेत दिई भुक्तानीको आदेशलाई सदर गरी रु.१३,७४,९९१।८३ उपभोक्ता समितिलाई बढी रकम भुक्तानी दिएको देखिंदा निजहरू राम प्रसाद कुस्मा र माधव कुमार भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई बिगो **रु.१३,७४,९९१।८३ (तेह्र लाख चौहत्तर हजार नौ सय एकानब्बे रुपैया त्रियासी पैसा)** कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन एवं निजहरुले नभए नगरेको कामको समेत भए गरेको भन्ने गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी/गराई सोहीको आधारमा भुक्तानी सदर गरी भुक्तानीसमेत गरेको देखिँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ।

**पलाँता गाउँपालिकाका तत्कालीन गाउँपालिका उपाध्यक्ष दाना न्यौपाने, वडा नं. ८ का तत्कालीन वडाअध्यक्ष पटक बहादुर बम र वडा सचिव जानकी कुमारी शाही (वम)** ले मुलखोला थोपा सिंचाई आयोजनामा उपभोक्ता समितिमार्फत भएको सम्पूर्ण कार्यको इस्टिमेट अनुसारको काम भएको भनी अनुगमन सुपरीबेक्षण प्रतिवेदन दिई/दिन लगाई सोही अनुगमन प्रतिवेदनसमेतको आधारमा योजनाको बास्तविक भए गरेको भन्दा रु.१३,७४,९९१।८३ बढी रकम उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ।

**मुलखोला थोपा सिंचाई उपभोक्ता समितिका अध्यक्ष मनराज शाही, सचिव लोकेन्द्र बम र कोषाध्यक्ष मोतिपुरा रोकायले** उक्त आयोजना निर्माणमा झुट्टा बिल भरपाई बनाई फिल्डमा नभए/नगरेको कामको समेत भए गरेको भनी नापी किताव र कार्यसम्पन्न प्रतिवेदनमा बढी मूल्याङ्कन गरी/गराई सोही अनुसार अनुगमनसमेत गराई सरकारी रकम रु.१३,७४,९९१।८३ बढी भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको पुष्टि भएकोले निजहरु मनराज शाही, लोकेन्द्र बम र मोतिपुरा रोकायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.१३,७४,९९१।८३ (तेह्र लाख चौहत्तर हजार नौ सय एकानव्वे रुपैयाँ पैसा त्रिरासी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे